Sikkim Express 25/05/2024

# Mudslides claim one life, two injured in North



**SE Report**

**GANGTOK, May 24:** One person was killed and two others injured in a landslide triggered by continuous rainfall at Upper Linchom under Kabi-Lungchuk constituency today.

As per the information received by IPR Mangan from the Kabi SDM, the landslide occurred at around 1 pm killing a 50-year-old woman while trying to escape the muddy swamp.

The deceased has been identified as Phu Phu Sherpa, a resident of Upper Lingchom, North Sikkim. Lakpa Doma Sherpa and Bhaichung Sherpa suffered injuries. They have been taken to STNM hospital, Gangtok for treatment.

Further, the landslide damaged three houses.

Kabi SDM Prem Gurung and officials immediately reached to the spot and evacuated other people and shifted them to the safer place, the IPR release informs.

हाम्रो प्रजाशक्ति 25.05/2020

# उत्तर सिक्किमको लिङ्चोममा पैह्रो जाँदा एकजनाको मृत्यु, दुई घाइते



गान्तोक, २४ मई: उत्तर सिक्किमको काबी तिङ्दा समष्टिअन्तर्गत अप्पर लिङ्चोममा पैह्रोमा परेर एकजनाको मृत्यु भएको तथा दुईजना घाइते भएको घटना प्रकाशमा आएको छ। काबीका महकुमा अधिकारी प्रेम गुरुङले जानकारी गराएअनुसार यो घटना आज दिउँसो लगभग १ बजीको हो। पैह्रोमा परेर मृत्यु हुने व्यक्तिलाई स्थानीयवासी श्रीमती फू-फू शेर्पाको रुपमा चिन्हित गरिएको छ। प्राप्त जानकारीअनुसार माथिबाट आएको पैह्रोबाट बाँच्ने कोशिश गर्दागर्दै उनको मृत्यु भएको हो। यसरी नै घाइते हुनेहरूलाई श्रीमती लाक्पा डोमा शेर्पा र भाइचुङ शेर्पाको रुपमा चिन्हित गरिएको छ। पैह्रोले दुईवटा घरलाई पनि क्षति पुऱ्याएको महकुमा अधिकारी गुरुङले जानकारी गराएका छन्।

घट्नाको जानकारी पाएपछि महकुमा अधिकारी साथै अन्य सम्बन्धित अधिकारीहरू तत्काले घट्नास्थलमा पुगेर वरपर बसोवासो गर्नेहरूलाई सुरक्षित स्थानमा लगेर राखिएको जानमा आएको छ। अर्कोतिर मृतकको शव र घाइतेहरूलाई भने गान्तोकको एसटीएनएम अस्पताल ल्याइएको छ।